**नेपाली / *NEPALI***

विषय: भवन पहुँच प्रवर्तन बुधबार, फेब्रुअरी १० देखि शुरू हुने

*यो सन्देशमा समेटिएको छ:*

- *भवन पहुँच प्रतिबन्धता बुधबार, **फेब्रुअरी १० देखि शुरू हुने***
- *जहिले पनि जान मिल्ने (drop-in) परीक्षणमा अपडेट*
- *भखरैको खोपको समाचार*
- *भवन पहुँचको धेरै सोधिएका प्रश्नहरू (FAQs)*

वसन्त सेमेस्टरको यो दोस्रो हप्तामा, विस्तारित *COVID-19* परीक्षण आवश्यकताहरू प्रति क्याम्पस समुदायको प्रतिबद्धताको लागि हामी कृतज्ञ छौं। नयाँ *Safer Badgers app* मा लगभग ५१,००० मान्छेहरूले भर्ना भएका छन् र हाम्रो क्याम्पसको परीक्षण स्थलहरूमा दिनमा ४,८०० जति परीक्षणहरू हुँदै छन्। परीक्षणका नतिजाहरू चाँडै फिर्ता आउँदैछन् र थोरै नमूनाहरू अस्वीकृत हुँदैछन्।

हाम्रो परीक्षण स्थलहरूका र पर्दा पछाडिका कर्मचारीहरूले प्रक्रियालाई सकेसम्म सुरक्षित र सजिलो बनाउन लगनशीलताका साथ काम गरिरहेका छन्। तपाईंहरू उनीहरूसँग अन्तर्क्रिया गर्दाको तपाईंहरूको धैर्यता र समझदारीलाई हामी धन्यबाद दिन चाहन्छौं। यो विश्वव्यापी महामारीको समयमा क्याम्पस सुरक्षित राख्न सहयोग गर्नु ठूलो काम हो; यी कर्मचारीहरू मध्य केहीलाई भेट्नुहोला।

**भवन पहुँच प्रतिबन्धको प्रवर्तन बुधवार, फेब्रुअरी १० देखि शुरू हुनेछ। त्यो मितिदेखि, क्याम्पस परिसरमा प्रवेश गर्नका लागि तपाईंको *Badger Badge* हरियो हुनुपर्दछ (पहुँच स्वीकृत)। फेब्रुअरी १० को लागि तयार हुन तपाईंले अहिले परीक्षण गर्नुपर्ने हुन्छ।** यो हाम्रो अनुपालन तरिकाको पहिलो चरण हो र हाम्रो सुधारिएको नतिजा समय, परीक्षणहरूको कम अस्वीकृत दरहरू, र दुई हप्ताको बिस्तारैको शुरूवातको कारण सम्भव भएको छ।

## भवन पहुँच

- बुधबार देखि मुख्य क्याम्पसको भवनमा प्रवेश गर्न तपाईंले क्याम्पस परीक्षण नीतिको पालना गर्न आवश्यक छ। **बुधबार भवन पहुँच सुनिश्चित गर्न अगाडि नै योजना बनाउनु महत्त्वपूर्ण छ - ध्यान दिनुहोस् कि तपाईंको परीक्षणको नतिजा फिर्ता आउनका लागि कमसेकम २४ घण्टा लाग्न सक्दछ।** (कहिलेकाँही यसले लामो समय लिन सक्दछ, त्यसैले तपाईंको हरियो ब्याजको म्याद सकिनु कम्तिमा पनि दुई दिन अघि नै परीक्षण गर्नुपर्ने हुन्छ।)

- **तालिम पाएका कर्मचारीहरू धेरैजसो भवनहरूको ढोकामा हुनेछन्** र तपाईंलाई तपाईंको *Badger Badge* को स्क्रिन देखाउन आग्रह गर्नेछन्। *Badger Badge* को स्क्रिनमा दुईवाटा देखाउने तरिका हुन्छन्: हरियो सही चिन्ह (पहुँच स्वीकृत्) वा रातो "*X*" (पहुँच अस्वीकृत)। **कुनै व्यक्तिगत स्वास्थ्य जानकारीको खुलासा गरिनेछैन। प्रवेश गर्न तपाईंको स्क्रिनमा हरियो सही चिन्ह (पहुँच स्वीकृत) देखाएको हुनुपर्दछ।**

- **तपाईंको ब्याज हरियो नै रहनेछ जबसम्म:** गएको आठ दिन भित्रमा परीक्षणको नेगेटिभ नतिजा आएको हुनुपर्दछ; गएको १० दिन भित्रमा परीक्षणको पोजिटिभ नतिजा आएको हुनुहुँदैन; अलग्गै वा क्वारेन्टाइनमा बस्न आवश्यक हुनुहुँदैन; र आफैँले *COVID-19* को लक्षणहरूको रिपोर्ट गरेको हुनुहुँदैन।

- *Badger Wellness Ambassadors* भनिने तालिम पाएक कर्मचारीहरूले तपाईंलाई लाग्ने प्रश्नहरूमा सहयोग गर्नका लागि तयार छन्। **भवन पहुँचको बारेमा धेरै प्रश्नहरूको उत्तरहरू यस *FAQ* वेबसाईटमा उपलब्ध छन्।** यस सन्देशको अन्त्यमा केही सामान्य प्रश्नहरूको जवाफहरू छन्।

## जहिले पनि जान मिल्ने परीक्षण (*Drop-in testing*)

जनवरी २२ मा घोषणा भए अनुसार, क्याम्पसले *COVID-19* परीक्षणको लागि **जहिले पनि जान मिल्ने (*drop-in*) प्रणालीमा बदलेको छ।**

- क्याम्पसको थुकमा आधारित परीक्षण स्थलहरूमा **तपाईंले अब समय बनाएर जानु पर्दैन।** (अहिलेको समयमा, नाकबाट नमूना निकाल्ने परीक्षण स्थलहरू आवास हलका विद्यार्थीहरू र मेडिकल अवस्था भएका व्यक्तिहरूको लागि मात्र खुला छन्।)

- **हरेक परीक्षण स्थलहरूका लागि तपाईंले रङ्ग लगाएको अनुमानित पर्खने समय देख्नुहुनेछ।** हामी तपाईंलाई सबै भन्दा छोटो समय भएको परीक्षण स्थलमा जान प्रोत्साहन गर्दछौं।

## खोप

*Wisconsin Department of Health Services* **ले मार्च १ बाट *COVID-19* खोप लगाउन योग्य व्यक्तिहरूको अर्को समूह घोषणा गरेको छ।**

- ***UW–Madison* ले क्याम्पस समुदायका सदस्यहरूलाई आफ्नो योग्यता पहिचान गर्न** र खोपका लागि अर्को चरणहरू प्रदान गर्ने काम गर्दैछ।

- **कृपया आगामी केही हप्ताहरूमा** *University Health Services* बाट **आउने अपडेटहरू तपाईंको wisc.edu को ईमेलमा हेर्नुहोला।**

## कसरी सहयोग पाउने

- **यदि तपाईंसँग** धेरै सोधिएका प्रश्नहरूमा सम्बोधन नगरिएका **प्रश्नहरू छन् भने** covidresponse@vc.wisc.edu मा ईमेल पठाउनुहोला वा *UW–Madison* को *COVID-19* सहायता लाईन (608) 262-7777 मा फोन गर्नुहोला। कर्मचारीहरू सोमबार देखि शुक्रबार बिहान ७ बजे देखि बेलुकी ८ बजेसम्म; शनिबार बिहान ७ बजे देखि बेलुकी ५ बजेसम्म र आइतबार बिहान ८ बजे देखि बेलुकी ५ बजेसम्म उपलब्ध छन्।
- अपडेटको लागि कृपया *COVID-19* प्रतिक्रिया वेबसाईट हेर्दै गर्नुहोला।

## भवन पहुँचका धेरै सोधिएका प्रश्नहरू (*FAQs*)

**प्रभावकारी मिति किन सोमबार, फेब्रुअरी ८ बाट बुधबार, फेब्रुअरी १० मा बदलियो ?**

हामीले भवन प्रतिबन्धको प्रवर्तन्को समयसम्म परीक्षणको माग बढ्ने पूर्वानुमान गर्दै यो समायोजन गरेका छौं। हामी चाहन्छौं कि तपाईंले शनिबार र आइतबारको भन्दा सोमबार देखि शुक्रबारसम्म उपलब्ध थप परीक्षण स्थलहरू र समयको फाइदा उठाउन सक्नुहोस्। यदि सोमबार तपाईंको ब्याजमा रातो "X" को चिन्ह (भवन पहुँच अस्वीकृत) छ किनकि तपाईंले परीक्षणको नेगेटिभ नतिजा रेकर्ड गर्नुभएको छैन भने, तपाईं बुधबारसम्म तयार हुन तपाईंले सकेसम्म चाँडो परीक्षण गर्नुपर्नेछ।

**यदि बुधबार मेरो ब्याजमा रातो "X" को चिन्ह (भवन पहुँच अस्वीकृत) छ किनकि मेरो परीक्षणमा नेगेटिभ नतिजा आएको छैन र म काममा आउनुपर्नेछद भने मैले के गर्नुपर्दछ ?**

क्याम्पसको भवन भित्र जान नखोज्नुहोला। तपाईंको सुपरभाईजरलाई खबर गर्नुहोला। यदि तपाईंको भर्खरैको परीक्षण ४८ घण्टा भित्र भएको छ भने, तपाईंको नतिजा आउन बाँकी हुन सक्दछ र नतिजा आएपछि तपाईंको ब्याज अपडेट हुनेछ। यदि तपाईंको भर्खरैको परीक्षण गरेको ४८ घण्टा भन्दा बढी भएको छ भने, अर्को जति सक्दो चाँडो अर्को परीक्षण गर्नुहोस्।

**यदि मैले मेरो स्मार्टफोन बिर्सिएँ वा त्यो भाँचिएको छ वा ब्याट्री सकिएको छ भने मैले कसरी क्याम्पसका भवनहरू पहुँच गर्न सक्दछु ?**

*Badger Wellness Ambassadors* हरूले तपाईंको *Badger Badge* को स्थिति तपाईंको *NetID* बाट हेर्न सक्नेछन्। (उनीहरूले तपाईंको व्यक्तिगत स्वास्थ्य जानकारी, जसमा परीक्षणको नतिजा समावेश छ, वा किन तपाईंको ब्याजको स्थिति "भवन पहुँच अस्वीकृतमा" छ हेर्न सक्ने छैनन्।) तपाईंले आफ्नो फोटो *ID* देखाउनुपर्ने हुन्छ। कृपया यस प्रक्रियाको लागि अझै समय दिनुहोला किनकि यसमा तपाईंको ब्याजको झट्ट हेर्ने भन्दा थप कार्यहरू पनि समावेश छन्।

**के परीक्षणका र भवन पहुँच आवश्यकताहरू मुख्य म्याडिसन क्याम्पस बाहेकका अरू *UW* परिसरहरूमा लागु हुन्छन् ?**

क्याम्पस बाहिर र म्याडिसन क्षेत्र भित्र अवस्थित युनिटहरूले क्याम्पस परीक्षण आवश्यकताहरू लागु गर्न र यी आवश्यकताहरूको पालनाको आधारमा आफ्ना परिसरहरूमा पहुँच सीमित गर्न छनौट गर्न सक्दछन्। कुनै पनि पहुँच आवश्यकताहरूको लागि युनिटलाई सम्पर्क गर्नुहोला।

**म मुख्य रूपमा घरैबाट काम गर्दछु तर क्याम्पसका अनपेक्षित समस्याहरू (उदाहरणका लागि *IT outages* वा अनुसन्धान गर्ने ल्याबका समस्याहरू) सम्बोधन गर्न क्याम्पसमा जान आवश्यक छ। मैले कति पटक परीक्षण गर्न आवश्यक छ ?**

१० फेब्रुअरी देखि, क्याम्पस भवनहरू भित्र जान्, तपाईंले गएको ८ दिन भित्रको परीक्षणमा नेगेटिभ नतिजा पाएक हुनुपर्नेछ। छोटो सूचनामा क्याम्पसमा रिपोर्ट गर्न सक्नुहुन तपाईंले हप्तै पिच्छे परीक्षण गर्नहुन सल्लाह दिईन्छ। यदि तपाईंलाई कुनै अवस्था सँभाल्न बोलाइएको छ तर तपाईंको *Badger Badge* को स्क्रिनमा हरियो सही चिन्ह छैन (पहुँच स्वीकृत) भने, तपाईंले सँभाल्न सक्ने व्यक्ति पहिचान गर्नका लागि सुपरभाईजर वा सहकर्मीलाई सम्पर्क गर्न सक्नुहुन्छ।